For Private Circulation Only

ECHOES NEPAL

श्री राम चन्द्र मिशन®

नोभेम्बर २०१४ खण्ड ३, अंक ६





## मणपाक्कमबाट समाचार

## अगस्त २०१४

### आईतबार, ३ अगस्त

मालिकले सत्सङ्ग संचालन गर्नुभयो, तत्पश्चात विवाह सम्पन्न गराउनु भयो । उहाँको अस्वस्थताको अवस्थामा लगाईएका कुनै पनि नलिहरू नलगाएको देख्दा राम्रो लगिरहेको थियो यो यस कुराको संकेत थियो कि उहाँ स्वास्थ हाँसिल गरिरहनुभएको छ । जब उहाँ फर्किएर आफ्नो कार्यालयमा जानु भयो, थुप्रै अभ्यासीहरूले उहाँसित फोटो खिचाए । यो एउटा हलुको महसुस भएको र उत्सवमय अवसर थियो । तथापि यसपछि मालिकले थकित भएको महसुस गर्नुभयो र दिनको धेरै समय विश्राम गर्नुभयो ।

साँझमा उहाँले हिप्नोटिज्मको बारेमा रमाईलो सिनेमा 'समह्वेयर इन टाईम' हेर्नु भयो । मालिकले ९:३० बजे वेलुकी देखि सुरु भएको २ घन्टा ३० मिनेट लामो सिनेमा पुरै हेर्नु भयो ।

यस हप्तामा मालिकको दिनचर्या यस किसिमको थियो । उहाँ विहानको ६ वजे तिर उठनु हुन्थ्यो, आनो फिजियोथेरापी गर्नुहुन्थ्यो, त्यसपछि आफ्नो कुर्सिमा कार्यालयमा आँउनु हुन्थ्यो र उहाँको लागि पढिएको अखवार सुन्दै विहानको खाजा खानु हुन्थ्यो । त्यसपछि उहाँ घाममा आएर केही समय वस्नु हुन्थ्यो ।

४ तारिखको दिन उहाँ करिब ८:४५ वजे तिर वाहिर आँउनुभयो र त्यहाँ उपस्थित भएका केही अभ्यासीलाई सिटिङ्ग प्रदान गर्नुभयो । त्यसपछि उहाँ भित्र जानुभयो र वैंगलोरका एक जना चिकित्सक अभ्यासीको प्रासरित टि.भी. अन्तरवार्ता हेर्नुभयो । मालिकले यसमा अत्यन्त चाख लिनु भयो । आधा घन्टा भन्दा बढी समयसम्म यो हेर्नुभयो । त्यसपछि उहाँले "Justice" टि.भी. श्रृखला जुन माइकल स्यान्डेलले वनाएका हुन, हेर्नुभयो र भन्नुभयो कि यो उहाँको मन परेको कार्यक्रम मध्ये एक हो ।

### ५-७ अगस्त, २०१४

मालिकको विहानको खाजा पछि एउटी सिस्टरले भन्नुभयो "मालिक म तपाईंबाट टाढा छु तर कहिलै यो महसुस गरिन् कि तपाईं मसित हुनुहुन्न ।" मालिकले भन्नुभयो "हो, यो निरन्तर सम्झनाको शक्ति हो । हामीहरू जहाँसुकै रहेको किन नहोस, मालिक सदैव हामीसितै हुनुहुन्छ ।"

विहानको खाजा पछि मालिक वाहिर आँउनु भयो र लामो समयसम्म घाममा वस्नुभयो । उहाँ ज्याकीलाई गाजामा भइरहेको युद्धको विषयमा अहिले भइरहेको अवस्थाको बारेमा सोध्नुभयो । उहाँ इजरायल र प्यालेष्टाईनको बीचका द्वन्दको इतिहाँसको बारेमा जान्न उत्सुक हुनुहुन्थ्यो । ज्याकिले वर्णन गरेका विविध बुंदाहरू उहाँले गहीरो रूपमा सुन्नुभयो र भन्नुभयो "यी कुनै पनि युद्धहरूको मुल कारण धर्म हो ।" करिब विहानको ११:३० वजे उहाँ भित्र जानु भयो ।

६ तारिखको दिन एक जना अभ्यासी मालिकलाई भेट्न आए, उहाँले भन्नुभएको कुरा मैले सुनें सत्सङ्गमा सहभागी भइरहनुभएको छैन । के भयो ? अभ्यासीले केही उत्तर दिएनन् र मालिकले भन्नुभयो "यो नसोच्नु होस् कि सेवा गर्नु नै प्रयाप्त छ । हामी कर्तव्यको कारणले मात्रै सेवा गर्दछौं तर त्यसले हामीलाई अगाडि लैजादैन । अभ्यासीहरूले नियमित रूपमा अभ्यास गर्नु पर्दछ ।" सात तारिखको दिन एक जना अभ्यासीले किनेको कार हेर्न वाहिर आउनु भयो । मालिक त्यस कारको भित्र रहेको विभिन्न नियन्त्रण प्रविधिको वारे मा सोधिरहनु भएको थियो । र विशेष गरेर त्यस गाडीको आकार बाट प्रभावित हुनु भएको थियो । त्यसपछि उहाँ वाहिर वस्नु भयो र सबैलाई सत्सङ्ग गराउनु भयो, जुन विहानको ९ वजे को सत्सङ्गसित मिलाईएको थियो ।

**व्हिस्पर्शको विषयमा छलफल :**

९ तारिखको दिन मालिक व्हिस्पर्शको केही प्रतिहरू हेरिरनुभएको थियो र एक जना अभ्यासीले पुस्तकबाट केही उद्धारण पढेर सुनाउनु भयो । मालिकले ध्यानपूर्वक सुन्नुभयो र भन्नुभयो "मैले धेरै अगाडि



श्रेणि सोपान (Hierarchy) शब्द प्रयोग गरेको थिएँ र अहिले यो शब्द वाबुजी व्हिस्पर्शमा प्रयोग गरिरहनु भएको छ ।" सबैजना हाँस्नुभयो ।

**आईतबार, ३ अगस्त**

९ तारिखको दिन मालिक व्हिस्पर्शको केही प्रतिहरू हेरिरनुभएको थियो र एक जना अभ्यासीले पुस्तकबाट केही उद्धारण पढेर सुनाउनु भयो । मालिकले ध्यानपूर्वक सुन्नुभयो र भन्नुभयो "मैले धेरै अगाडि श्रेणि सोपान (Hierarchy) शब्द प्रयोग गरेको थिएँ र अहिले यो शब्द वाबुजी व्हिस्पर्शमा प्रयोग गरिरहनु भएको छ ।" सबैजना हाँस्नुभयो ।

त्यहाँ चारजना युवा युवतीहरू जो अठार वर्षभन्दा कम थिए जो अभ्यास सुरु गर्न चाहन्थे, मालिक तिनीहरू सबैलाई सिटिङ्ग प्रदान गर्न अत्यन्त उत्सुक हुनुहुन्थ्यो । तर उहाँ अत्यन्त नै थकित हुनुहुन्थ्यो तसर्थ कमलेश भाईले तिनीहरूलाई सिटिङ्ग प्रदान गर्न सहमत हुनुभयो ।

अगस्त १० को दिन **रक्षा बन्धन** थियो । मालिक विहान ६:३० वजे उठनुभयो र मोरादाबादबाट आँउनु भएकी एक सिस्टरले मालिकको हातमा राखी बाँध्नुभयो । मालिकको परिवारहरू आँउनु भयो र मालिक उत्साहित हुनुहुन्थ्यो । मालिकले विहानको खाजा खानु भयो र कमलेश भाईले ध्यानहलमा सत्सङ्ग संचालन गर्नुभयो । मालिक आँखा बन्द गरेर उहाँको लागि पढिएको अखवार सुनिरहनु भएको थियो । सत्सङ्ग समाप्त हुना साथै मालिकले भित्र जान चाहेको भन्नु भयो ।

त्यसपछि मालिक घाम ताप्न वाहिर आँउनु भयो र उहाँका वरिपरी रहेका मानिसहरू मौन रहे । केही सिस्टरहरू अगाडि आएर उहाँको राखी बाँधे ।

**विहीवार, १४ अगस्त २०१४**

विहानको खाजा र अखवार वाचन पछि, मालिकले थुप्रै अभ्यासी भेट्नु भयो र तिनीहरूका सबै प्रश्नहरूको उत्तर दिनुभयो । एक जना चीनबाट आँउनु भएकी सिस्टर आईन् र चीनीया भाषामा यो विहान तपाईंलाई भेट्दा मलाई अत्यन्त खुशी लागेको छ भनिन् र मालिकले यसरी प्रत्युत्तर दिनुभयो "म तपाईंलाई आजको विहान भेट्दा सबै भाषामा खशी छु" र सबैजना मज्जाले हाँसे । यद्यपि मालिक अत्यन्त थकित हुनुहुन्थ्यो तथापि उहाँले यस्ता सरल अभिव्यक्तिहरूद्वारा वातावरणलाई हलुका वनाउनु भयो । एउटी सिस्टरले भन्नुभयो उनि त्यसै दिन फकिर्दै छिन् उ मालिकबाट एउटा सन्देश प्राप्त गर्न चाहन्छिन् जुन उनिले जीवन भरी पालना गर्न सकुन् । मालिकले भन्नुभयो "ति सबैलाई प्रेम गर जसलाई उहाँ प्रेम गर्नुहुन्छ ।"

यो दिन लालाजी महाराजको महासमाधिको दिन थियो तर मालिक अतयन्त थकित हुनुहुन्थ्यो, उहाँले त्यहाँ उपस्थित भएका व्यक्तिहरूलाई एउटा छोटो सिटिङ्ग दिनुभयो र कमलेश भाईले विहान ९ वजे को सत्सङ्ग संचालन गर्नुभयो । सत्सङ्ग पछि पढिएको व्हिस्पर्शमा त्यस दिनको महत्वको सन्दर्भ थियो र एउटा व्यक्तिले कसरी यसलाइ सम्झनामा विताउने भन्ने थियो ।

**शुक्रवार १५ अगस्त, २०१४**

जस्तो कि यो भारतको स्वतन्त्रता दिवस थियो ZIC विनित रावतले विहान ६:३० वजे ध्यान हलको छेउमा झण्डोतोलन गर्नुभयो । कमलेश भाईले विहान ९:०० वजेको सत्सङ्ग संचालन गर्नुभयो र त्यसपछि विवाह सम्पन्न गराउनु भयो । विगत केही दिन देखि मालिक केही कमजोरी महसुस गरिरहनुभएको थियो र यस्तो देखिन्थ्यो कि उहाँ फेरि विरामी पर्नु हुन्छ । तर चिकित्सकले पहिले नै समस्या पहिचान गरेर उपचार सुरु गरेको हुनाले मालिकलाई धेरै असर गरेन् ।

**आईतवार, ३१ अगस्त, २०१४**

मालिक विहान ६:३० वजे जागा हुनुभयो र आनो इमेलहरू हेर्नुभयो । त्यसपछि उहाँले विहानको खाजा खानु भयो, त्यसपछि अखवार वाचनको लामो सत्र चल्यो । त्यसपछि उहाँ अत्यन्त थकित हुनुभयो र आफ्नो सुत्ने कोठा जानु भयो । जब सबैजनाले यो सोचे कि उहाँ सुत्न जानु भयो, उहाँले ति सबैलाई अच्चम्मित पार्नु भयो र वाहिर आएर छायाँ भएको स्थानमा वस्नु भयो । उहाँले धेरै विषयमा लामो छलफल गर्नुभयो । एक जना अभ्यासीले भन्नुभयो "मालिक, मैले कहिलै पनि प्रेमलाई एउटा शक्तिको रूपमा सोचिन् । सहज मार्गमा आएपछि मात्रै म यो देख्न समर्थ भएँ कि प्रेम कति प्रभावकारी हुँदो रहेछ ।" आश्रमहरूको सन्दर्भ कोट्याउदै मालिकले भन्नुभयो "म तीस वा बढी अभ्यासी भएको स्थानमा आश्रम होस् भन्ने चाहन्छु, त्यस्तो भयो भनें अभ्यासीहरूले कसैको घरमा सिटिङ्ग लिन जान असहज महसुस गर्नु पर्दैन् किनभने सिटिङ्ग आश्रममा नै हुन सक्दछ ।"







## सेप्टेम्वर २०१४

**शुक्रवार, १२ सेप्टेम्वर: द्वारिकामा वसाई :**

मालिक आश्रमको ठिक पछाडि रहेको द्वारिका एपार्टमेन्टमा रहेको उहाँको एपार्टमेन्ट उद्घाटन गर्न त्यहाँ जानुभयो। सिमसिम नै थियो तथापि मालिक तयार हुनु भयो र गोल्फ कार्टमा त्यहाँ जानु भयो। त्यहाँ जम्मा भएका सबै व्यक्तिहरूको लागि सत्सङ्ग संचालन गर्नुभयो। सिटिङ्ग पश्चात मालिक अत्यन्त थकित हुनु भएको थियो तथापि उहाँ उहाँले आमन्त्रण गर्न भएका पाहुनाहरू मध्ये केहीलाई उपहार दिन चाहिरहनु भएको थियो। यद्यपि चिकित्सकहरूले उहाँको स्वास्थलाई विचार गरेर उहाँलाई आराम गर्न सल्लाह दिए, उहाँले आफ्नो ईच्छा शक्तिलाई तानेन आफ्ना सबै कामहरू समाप्त गर्नुभयो र जब सबै कामहरू समाप्त भए पछि उहाँ केही आरामको लागि वस्नु भयो।

मालिक साभँ ३० अभ्यासीहरुसगँ केहि समयको लागि बस्नु भयो र फर्केर भित्र जानु भयो। उहाँ साँझ नै सुत्न ओछ्यान तर्फ लाग्नुभयो।

**शनिवार, १३ सेप्टेम्वर २०१४**

मालिक फर्किएर कटेजमा आँउनु भयो, उहाँ अत्यन्त थकित भएकोले दिनभरी नै आराम गर्नुभयो।

**१५-१९ सेप्टेम्वर**

मालिकले हफ्ता भरी नै आराम जस्तै नै गर्नुभयो, समय समयमा कार्यालय कक्षामा खाजा वा खाना खान आँउनु हुन्थ्यो र फेरि आफ्नो सुत्ने कोठामा जानु हुन्थ्यो। मालिकलाई कटेजमा भेटन जाने अभ्यासीहरूलाई रोक लगाईएको थियो किनभने मालिकलाई भेटिरहनु भएको थिएन्। तथापि जब उहाँ कार्यालय कक्षमा आँउनु हुन्थ्यो र यदि त्यहाँ को ही अभ्यासी भएको भए तिनीहरूलाई छोटो समयको लागि भेट गर्नुहुन्थ्यो। चेन्नाईको मौसम पनि वादल लागेको र पानी परिरहेको थियो, शायद कटेजमा धेरै गतिविधि नभएको शान्त वातावरणलाई प्रतिविम्वित गरिरहेको थियो।

सामान्यरूपमा यो महिना भरी मालिक करिब करिब कटेजमा नै सिमित रहनु भयो।

विहानको खाजा र अखवार वाचन पछि, त्यस्ता समय पनि आए जब मालिक वाहिर घाम ताप्न आँउनु भयो र सिस्टर ऐलिजावेथ लाई वावुजीका पत्रहरू तथा कोही लेख पढन लगाउनु भयो। यो उनि मिशनको नयाँ प्रकाशनको लागि संकलन गरिरहेकी थिईन्। ऐलिजावेथले पढ्न सुरु गर्ने वितिकै मालिक उक्त वाचनमा मग्न हुनुहुन्थ्यो। उहाँको वरिपरी रहेका अभ्यासीहरू आँखा चिम्लिएर वस्दथिएँ र त्यहाँ पूर्ण शान्ति कायम रहन्थ्यो। जब वाचनको सत्र सकिन्थ्यो कसैले पनि मालिक दिप्त हुनु भएको देख्न सक्नु हुन्थ्यो र उहाँ कोठामा फर्किदा अभ्यासीहरूलाई खुशी भएर भेटनु हुन्थ्यो। यो मालिकको लागि उहाँको नियमित दिनचर्याबाट एउटा स्वागत योग्य परिवर्तन थियो र उहाँले यसमा साँच्चिकै आनन्द लिनु भयो।





## अफ्रिकन सेमिनार - 'सँगै हुनु'

**१३-२१ अगस्त २०१४**

अंगोला, कामरून, कंगो (ब्राजिभिल्ले), कोटे डि आइभोरी (आइभोरी कोष्ट) र ग्यावनलाई प्रतिनिधित्व गर्दै वाह्र जना अभ्यासीहरू मणपाक्कममा फ्रेन्च भाषा वोल्ने अफ्रिकी देशहरूले आयोजना गरेको एक हप्ता लामो सेमिनारमा भाग लिन आएका थिए । सेमिनारको क्रममा अभ्यासीहरूले व्हिस्पर्शबाट छानिएका 'सँगै हुनु पर्ने' को आवश्यकता र महत्वमा जोड दिइएका सन्देशहरू माथी विस्तृत छलफल गरेका थिए । कोटे डि आइभोरीबाट आएकी एक जना सिस्टर र अंगोलाबाट आएका एक जना ब्रदरलाई मालिकले प्रशिक्षक वनाउनु भयो ।

सेमिनारको अन्तिम दिनमा मालिकले सबै सहभागीहरूलाई कटेजमा भेट्नु भयो र एउटा सिटिङ्ग प्रदान गर्नुभयो जुन अत्यन्त गहिरो र व्यापक थियो । साधनाको विविध पक्षमा अत्यन्त सारगर्भित र आँखा खुलाउने किसिमको प्रश्न उत्तरको सत्र कमलेश भाईसित भएको थियो । जब उहाँले आफ्नो भाषण समाप्त गर्नुभयो सबै अभ्यासीहरू गहीरो आध्यात्मिक अवस्था डुवेका थिए ।

## ओनम उत्सव

**६-८ सेप्टेम्वर, २०१४**

करिब ३५० जना अभ्यासीहरू केरलाबाट ओनम उत्सव मालिकसित मनाउन मणपाक्कम आएका थिए । 'थिरुभोनम' सात सेप्टेम्वर, अभ्यासीहरूले मालिकको कटेजको ढोका अगाडि 'पुक्कलम (फूलको सजावट) वनाएका थिए । मालिक वाहिर आँउनु भयो र सबै अभ्यासीहरूलाई उत्सवको अवसरमा शुभकामना दिनुभयो । अभ्यासीहरूलाई सम्वोधन गर्ने क्रममा सबै संस्कृति, भाषा, धर्महरूको भिन्नता भन्दा पर गएर सामन्जस्य कायम गर्नु पर्ने आवश्यकताको बारेमा भन्नुभयो र सबैलाई 'सुखद् ओनम' भनेर शुभ कामना दिनु भयो । स्वयंसेवकहरूले एउटा 'ओनम' भोजको व्यवस्था आश्रमको किचेनमा गर्नुभयो र आईतवार सत्सङ्गमा आँउनु भएका करिब तीन हजार अभ्यासीहरूलाई भोजन गराउनु भयो । अभ्यासी सिस्टरहरूले साँझमा ध्यान हलमा एउटा साँस्कृतिक कार्यक्रम प्रस्तुत गर्नुभयो जुन मालिकले कटेजमा वसेर हेरेर रमाइलो मान्नु भयो । आठ तारिखको दिन फेरि एउटा पुक्कलम वनाइयो र मालिक यो हेर्न वाहिर आँउनु भयो र केरलाबाट आएका अभ्यासीहरूसित कटेजमा अन्तरक्रिया गर्नुभयो ।

## तमिलनाडु र कर्नाटकका प्रशिक्षकहरूको सेमिनार

करिब चार सय अभ्यासीहरू मणपाक्कममा आयोजित सेमिनार मा सहभागी भए । प्रत्येक दिन कमलेश भाईले विहान ९ वजे सत्सङ्ग संचालन गर्नुभयो र साँझ ४ वजे सम्वोधन गर्नुभयो र प्रशिक्षकहरूद्वारा उठाईएका केही महत्वपूर्ण प्रश्नहरूको उत्तर दिनुभयो । तेश्रो दिन मालिकले प्रशिक्षकहरूलाई सम्वोधन गर्नुभयो र 'विनम्रता' को बारेमा वोल्नु भयो, जुन सेमिनारको मुख्य विषय थियो । उहाँले भन्नुभयो कि विनम्रता भन्नुको अर्थ भित्र र वाहिर उस्तै हुनु हो र आफूस्वयं प्रति सच्चा हुनु हो । उहाँलाई प्रशिक्षकको भूमिका, वरिष्ठ प्रशिक्षक, मिशनको सचिव वा अध्यक्ष हुनु जस्ता कुराहरूको चासो कहिलै भएन, वाबुजी महाराजको चेला हुनु नै प्रयाप्त थियो । उहाँको जीवन नै मिशनको काममा मात्रै केन्द्रीत थियो र जीवनको सबैभन्दा ठूलो खुशी यस्तो प्रकारले काम गर्नुमा थियो कि जब एउटा व्यक्ति मालिकलाई भेट्न जाँदा उहाँको अनुहारमा मुस्कान देख्न सकोस, मालिकको लागि यही नै सबैभन्दा ठूलो पुरस्कार थियो ।

यद्यपि मालिक सेमिनारको अवधिहरूमा अभ्यासीहरूसितै हुन सक्नु भएन् तथापि उहाँले दिनभरिको कामको बारेमा सहजकर्तासित जानकारी प्राप्त गरिरहनु भयो । एउटा अनौपचारिक कुराकानीमा मालिकले भन्नुभयो कि प्रशिक्षकहरूको लागि आदर्श व्यक्तिको रूपमा देखिनु महत्वपूर्ण छ । उहाँले भन्नु भयो "मालिकलाई आन्तरिककरण











गर्नुहोस् र उहाँको उपदेशहरूलाई वाह्यकारण गर्नुहोस्” हामी सबैको लागि यो एउटा महत्वपूर्ण अभिव्यक्ति हो जुन अनुसार हामीले आफूलाई वनाउनु पर्दछ र अभ्यासमा ल्याउनु पर्दछ।

कमलेश भाईको उद्घाटन सम्वाद अभ्यासीहरूसित प्रशिक्षकको व्यवहारमा र कसरी सुरुआतको अनुभव मिशनमा अभ्यासीको निरन्तरताको बारेमा केन्द्रीत थियो। अरू दिनहरूमा कमलेश भाईले अभ्यासीको अवस्था कसरी पढने, व्हिस्पर्शको महत्व र वर्तमान विश्वको परिवर्तित अवस्थामा नियमित र सघन अभ्यासको माध्यमबाट खेल्नु पर्ने अभ्यासीको भूमिका बारेमा वोल्नु भयो। उहाँले स्वीकार गर्ने विषयमा र कसरी विनम्रता समर्पित र निष्ठावानले स्वीकार गर्नमा मद्दत गर्दछ तर दुर्भाग्यवस हामीहरू पूर्वाग्रह, घृणा र मूल्यांकन गर्ने प्रवृतिको बोझ बोकेर हिंडेका हुन्छौं। हामीले मानिसलाई सहन गर्न सिक्नु पर्दछ र यसले हामीलाई स्वीकार गर्ने तर्फ डोऱ्याउँदछ।

मालिक र कमलेश भाईले दिनुभएको सबै सम्वाद तमिल तथा कन्नड भाषामा अनुवाद गरिएको थियो ता कि आफ्नो मातृभाषा मात्रै जान्ने प्रशिक्षकहरूले फाईदा पाउन सकुन्। उनिहरू सामुहिक छलफलमा, व्यक्तिगत सिटिङ्गको आदान प्रदानमा र विभिन्न किसिमको स्वयंसेवाको कार्यमा संलग्न भएका थिए जसले प्रत्येक सहभागीलाई समुहमा काम गर्नु कति रमाईलो हुन्छ भनेर सिकायो।

## अक्टुवर २०१४

### चीनीया सेमिनार

**२-६ अक्टुवर २०१४**

मुल भूमी चीनबाट आएका ११३, टर्किबाट आएका ३ जना र दक्षिण अफ्रिकाबाट आएका १६ जना अभ्यासीहरूले मणपाक्कममा आयोजित यो सेमिनारमा भाग लिएका थिए। सेमिनारको अवधिमा समुहलाई तीन दिन नै भाषण दिनुभएको थियो र ५ तारिखको दिन सहभागीसित प्रश्न उत्तरको सत्रमा भाग लिनु भएको थियो। यी उत्साह प्रदान गर्ने सत्रहरू गहीरो रूपमा नै प्रशंसित भयो र सबैले रमाइलो माने। सेमिनारको अवधिमा उहाँले चीनीया र दक्षिण अफ्रिकाका प्रशिक्षकहरूसित बैठक पनि गर्नु भयो जसमा मूल्यवान जानकारीहरू आदान प्रदान गर्नुको साथै छलफल पनि गरियो।

सेमिनारको अन्तिम दिनमा चीनीया अभ्यासीहरूले विशेषरूपमा तयार पारिएको चीनीया भोजन खुवाईएको थियो जुन पुस्तकालयको छतमा आयोजना गरिएको थियो र यसमा कमलेश भाई पनि सहभागी हुनु भएको थियो। प्रत्येक दिन साँझको सत्सङ्ग पछि अभ्यासीहरूले कटेजको बगैंचामा मालिकसित महत्वपूर्ण समय विताउने मौका प्राप्त गरेका थिए। ५ दिनको सेमिनार पछि ६५ जना चीनीया अभ्यासीहरूले सतखोलको आश्रमको अक्टुवर ७ देखि ११ सम्म भ्रमण गरे।



## नयाँ प्रकाशनहरु




What is Sahaj Marg
English



What is Sahaj Marg
Kannada




Devotion
English



HeartSpeak 2011
Marathi




HeartSpeak 2013
English




HeartSpeak 2011
Hindi



My Master
MP3 Audiobook
Gujarati

## नेपाल समाचार

### श्री राम चन्द्र मिशन नेपालले प्राप्त गरेको कर छुटको सुविधा :



श्री राम चन्द्र मिशन नेपालले नेपाल सरकारलाई आफुले प्राप्त गरेको चन्दामा २५ कर तिर्नुपर्ने ब्यवस्था रहेको हुँदा कर छुटको लागि अगाडि देखि नै पहलहरु भइरहेको थियो । हाल मालिकको कृपाले श्री राम चन्द्र मिशन नेपालले कर छुटको सुविधा प्राप्त गरे को छ । आन्तरिक राजश्व विभागको २०७१/६/२ को निर्णय अनुसार श्री राम चन्द्र मिशन नेपालले यस आर्थिक बर्ष देखि कर छुटको सुविधा प्राप्त गरेको छ ।

यस सुविधाको ब्यबहारिक अर्थ यो हो कि यस मिशनले प्राप्त गरेका चन्दाहरुमा आइन्दा कर लाग्ने छैन । साथै करदाताहरुले तिर्नुपर्ने कर रकममा यस मिशनलाई दिएको चन्दा रकम एकलाख रुपैया सम्म घटाउन पाउने सुविधा प्राप्त गरेको छन् । अन्यथा मिशनको खातामा आर्थिक मसान्तमा बाकि रहेको जम्मा र कमको २५ प्रतिशत कर तिर्नुपर्ने बाध्यकारी ब्यबस्था रहेको र मिशनले सोहि अनुसार कर तिर्दै आइरहेको अवस्था थियो । यस निर्णयबाट मिशनले बर्षेनि तिरि आएको करहरु अब नतिर्नुपर्ने भएको छ ।

### पूर्वाञ्चलको सेन्टरहरुको भ्रमण :

सहज मार्ग पद्धतिको नेपालमा नौ वटा केन्द्रहरु रहेको सर्वविदितै छ । यी केन्द्रहरु पूर्वमा झापा जिल्लाको विर्तामोड देखि लिएर सुदुर पश्चिममा कन्चनपुर जिल्लाको महेन्द्रनगरसम्म फैलिएका छन् । एउटा केन्द्रको अभ्यासी आर्को केन्द्रमा भ्रमणमा गई विचार आदान प्रदान गर्नु अत्यन्त लाभदायी हुने गरेको छ । लामो दुरिमा छरिएर रहेका यी केन्द्रहरुमा समय समयमा भ्रमण गर्नु सकिएको छैन । हालै ब्रदर निरञ्जन, ब्रदर दामोदर भण्डारी र ब्रदर राजेन्द्र पौडेलहरु नेपालको पूर्विभागमा रहेको तीनवटा केन्द्रहरुको भ्रमणमा जानु भएको थियो । सेप्टेम्बरको ६ तारिख काठमाण्डौंबाट प्रस्थान गरेर राती बस्तीपुर केन्द्रको नजिकै रहेको बजार लाहानमा बास बसी भोलि पल्ट शनिवार विहानको नियमित सत्सगंमा सहभागी हुनुभयो । सत्सग पश्चात उपस्थित अन्य अभ्यासीहरुसगं साधनाको विभिन्न पक्षमा छलफल गर्नुभयो । तत्पश्चात केहि नँया जिज्ञासुहरुलाई प्रशिक्षक ब्रदर कुमुदल बरालसित परिचय गराईदिएर ध्यान अभ्यास शुरु गर्न समय मिलाइयो । त्यस पश्चात बस्तीपुरहरु केन्द्रमा केहि समय बिताएर उँहाहरु विर्तामोड केन्द्र तर्फ जानुभयो र त्यँहा पुगेर केहि अभ्यासीहरुलाई ब्यक्तिगत सिटिङ्ग दिनुका साथै ब्रदर निरञ्जनले सत्संग संचालन गर्नुभयो ।

७ तारिखको दिन उँहाहरु मोरङ्ग जिल्लामा स्थित विराटनगर केन्द्रमा पुगेर केहि अभ्यासीहरुलाई ब्यक्तिगत सिटिङ्ग प्रदान गर्नुका साथै सामूहिक सत्संगमा सहमागि हुनुभयो भयो । त्यस अवधिमा उँहाहरुले अभ्यासका विविध पक्षमा अन्तरकृया गर्नुभयो ।

८ तारिख उँहाहरु काठमाण्डौं फर्किनुभयो । भ्रमणको कममा विभिन्न केन्द्रका अभ्यासीहरुसितको भेटले उँहाहरुलाई प्रफुल्ल र आनन्दित तुल्यायो । साथै मालिकसित निरन्तर सम्झनामा रहेको र यस प्रकारको भ्रमणले भाइचारा र अपनत्वमा बृद्धि हुने अनुभव गर्नुभयो ।

# शोलाभन्दन् आश्रम, तमिलनाडु

प्रकाशको केन्द्र







शोलाभन्दन मदुराईबाट २८ कि.मि. पर रहेको एउटा पंचायत हो । यो औपचारिक रूपमा ५ अगस्त १९८७ मा डा. सदयान्दीले आफ्नो घरमा SRCM को केन्द्रको रूपमा सुरूआत भएको थियो । सुरूका दिनहरूमा करिब पन्द्रह जना अभ्यासीहरू सत्सङ्गमा सहभागी हुने गर्दथिए । सन् ७०/८० को दशमा मालिकले शोलाभन्दनको भ्रमण धेरै पटक गर्नुभयो र डा. सदयान्दीको घरमा सतसङ्ग संचालन गर्नुभयो । उहाँले केन्द्रको प्रगति र विकासमा व्यक्तिगत रूचि लिनु भएको थियो ।

## आश्रम

जब आश्रमको आवश्यकता महसुस भयो डा. सदयानन्दीले शोलाभन्दन रेल स्टेशनको नजिकै २ एकड ४३ सेन्ट जग्गा किन्नुभयो जस मध्ये १ एकड २० सेन्ट जग्गा आश्रमको लागि प्रदान गर्नुभयो । आश्रमको निर्माण कार्य सन् १९९६ मा अभ्यासीहरूको चन्दा र मुख्यालयको सहयोगबाट सुरु भयो । सह-सचिव ब्रदर ए.पि. दुराईले निर्माण कार्यको अवधिमा २४ अगस्त १९९८ मा भ्रमण गर्नुभयो र आवश्यक सहयोग प्रदान गर्नुभयो । आश्रमको दर्ता १२ मई १९९९ मा भयो र यसको उद्घाटन मालिकले १२ जनवरी २००० मा गर्नुभयो । विभिन्न केन्द्रहरूबाट करिब ३०० भन्दा बढी अभ्यासीहरू उद्घाटन समारोहमा सहभागी भएका थिए ।



ध्यान हल ५२x२२ फिट छ र यसमा करिब २०० अभ्यासीहरू अटाउँदछन् । यसको साथै यसमा एउटा भान्सा घर, पुस्तकालय तथा सौचालय आश्रमको हाताभित्र नै छ । थुप्रै ओपन हाउसको माध्यमद्वारा अभ्यासीहरू निरन्तर रूपमा बढी रहेका छन् र नियमित रूपमा आईतवार सत्सङ्गमा सहभागी हुने अभ्यासीहरूको संख्या करिब ११० रहेको छ । प्रत्येक तेश्रो आईतवार पुरा दिनको कार्यक्रम संचालन गरिन्छ र प्रत्येक चौथो आईतवार स्वयंसेवा गरिने दिन हो । केन्द्रमा सशक्त युवा समुह छ जसले आध्यात्मिक सजगता फैलाई रहेका छन् । तिनीहरू CREST कार्यक्रममा सहभागी हुन्छन्, साधनाको बारेमा सजगता प्रसार हुने कार्यक्रम गर्दछन् र सामुहिक छलफल र सिप वृद्धि कार्यक्रम संचालन गर्दछन् । यस केन्द्रले यसको नजिक अवस्थित केन्दहरू जस्तो डिन्डिगुल, वतलगुन्डु र वादीपति केन्द्रहरूको सुरूआत अवस्थामा हेरविचार गरेका थिए ।




To download or subscribe to this newsletter, please visit http://www.sahajmarg.org/newsletter/india For feedback, suggestions and news articles please send email to in.newsletter@srcm.org

© 2014 Shri Ram Chandra Mission ("SRCM"). All rights reserved. “Shri Ram Chandra Mission", "Sahaj Marg", “SRCM”, “Constant Remembrance” and the Mission's Emblem are registered Trademarks of Shri Ram Chandra Mission.This Newsletter is intended exclusively for the members of SRCM. The views expressed in the various articles are provided by various volunteers and are not necessarily those of SRCM.